# रामग्रामनगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
परासी
५नम्बर प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(तेस्रो पटक प्रकाशित सूचना मिति २०७५/०८/१७)

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६४ र सार्बजनिक खरिद ऐन २०६३ तथा नियमाबली, २०६४ अनुसार यस रामग्राम नगरपालिकाले उठाउन पाउने कर, दस्तुर मिति २०७५ साल पुस देखि २०७६ जेष्ठ मसान्त सम्मको लागि वालुवा, भस्कट तोकिएको स्थानवाट संकलनको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर (पान) लिएका इच्छुक व्यक्ति, फर्म वा संस्थालाई तोकिएको शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. नदी जन्य पदार्थ लागि:

| सि.नं. | प्याकेज नंम्बर | ठेक्काको क्षेत्र | संकलन गर्न पाउने अधिकतम परिमाण | आ.ब.०७४।०७५ मा प्रदेश सरकार बाट स्वीकृत दररेट | शिलवन्दी दरभाउपत्र खरिदको अन्तिम मिति |
|---|---|---|---|---|---|
| १. | १ | रामगम न.पा.को झरही खोला | १५,८७,६०० घन फिट | प्रति घन फिट रु. २।- (रु. दुई) (मु.अ.कर वाहेक) | २०७५/०८/२३ |
| २. | २ | रामगम न.पा.को भलुही खोला | १५,८७,६०० घन फिट | | २०७५/०८/२३ |
| ३. | ३ | रामगम न.पा.को तुरिया खोला | १५,८७,६०० घन फिट | | २०७५/०८/२३ |

<u>शर्त तथा बन्देज:-</u>

1. नदी जन्य पदार्थ, आ.व. २०७५/७६ का लागि ठेक्काको कूल न्यूनतम रकम, मु.अ.कर वाहेक, तपशिल अनुसार कायम गरिएको छ।

| प्याकेज नंम्बर | क्षेत्र | कूल जम्मा न्यूनतम रकम भ्याट बाहेक | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| १. | रामग्राम न.पा.को झरही खोलाबाट | १०,००,०००।०० | ३०००।- |
| २. | रामग्राम न.पा.को भलुही खोलाबाट | १०,००,०००।०० | ३०००।- |
| ३. | रामग्राम न.पा.को तुरिया खोलाबाट | १०,००,०००।०० | ३०००।- |

2. इच्छुक योग्य बोलपत्रदाताहरूले माथि उल्लेखित नगद दस्तुर (फिर्ता नहुने) नगदै बुझाई सक्कल नगदी रसिद साथ फर्मको हकमा आ.ब. २०७५/७६ को लागि नविकरण भएको इजाजतपत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७४/७५ को कर चुक्ता गरिएको प्रमाणको प्रतिलिपि र सक्कल अख्तियारी नाम वा व्यक्तिको हकमा स्थायी लेखा नं. को प्रतिलिपि र नागरिकताको प्रतिलिपी संलग्न राखी सिलबन्दि दरभाउपत्र यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय सम्ममा प्याकेज नम्बर खुलाएर लिखित निवेदन दिएर सिलबन्दि दरभाउपत्र पुस्तिका खरिद गर्न सकिनेछ।
3. जसको नाममा सिलबन्दि दरभाउपत्र खरिद गरिएको हो सोही व्यक्ति वा फर्मले मात्रै सिलबन्दि दरभाउपत्र दाखिला गर्नु पर्नेछ।
4. ठेक्का लिने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी राख्नु पर्नेछ। धरौटी वापत रकम राष्ट्रिय बाणिज्य बैक परासी शाखामा रहेको खाता २३०३ ग ३ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर सहित संलग्न गरि शिलवन्दी बोलपत्र माथि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० वजे सम्मदर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २:०० वजे नियमानुसार कर्मचारी प्रतिनिधि र ठेकेदार प्रतिनिधिको रोहवरमा खोलिनेछ। शिलबन्दी बोलपत्रदातावा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी बोलपत्र खोल्न बाँधा पर्ने छैन।
5. शिलवन्दी दरभाउपत्रदर्ता गर्ने र खोल्ने मितिमा सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमश हुनेछ।
6. ठेक्काको शिलवन्दी बोलपत्र पेश गर्दा स्थायी लेखा नं. को प्रतिलिपि, फर्म वा संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।
7. शिलवन्दी बोलपत्र फाराममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ। दर रेटको अंक अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
8. माथि उल्लेखित तोकिएको स्थानबाट ढुङ्गा, गिट्टी, वालुवाउत्खनन र संकलनगर्ने र तोकिएको स्थानमा घाटगद्दी गरी नापजाँच गरी लैजाने व्यबस्था रामग्राम नगरपालिकाको निर्देशन बमोजिम हुनेछ।
9. ठेकेदारले कवोल गरेको रकम एकमुष्ठ सम्झौता गर्न आँउदा कार्यविधि बमोजिम बुझाउनु पर्नेछ।
10. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार रामग्राम नगरपालिकामा निहित रहनेछ।
11. अनुगमन तथा समन्वय समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।
12. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत